**NEPAL WAREHOUSING**
COMPANY LTD.

च.नं.NWCL/२०८१/२०८२ मिति: २०८१/०६/१५

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरबार, काठमाण्डौं ।

**विषय: विशेष साधारण सभा बस्ने सम्बन्धमा ।**

महाशय,

उपरोक्त सम्बन्धमा मिति २०८१/०६/१५ गते बसेको यस कम्पनीको संचालक समितिको ६४औ बैठकको निर्णय अनुसार यस कम्पनीको विशेष साधारण सभा मिति २०८१/०७/०७ गते बुधवार गर्ने निर्णय भएको व्यहोरा तहाँको जानकारीको लागि अनुरोध छ । साथै उल्लेखित विशेष साधारण सभा बस्ने सम्बन्धी सूचनाको प्रति समेत संलग्न गरि तहाँको जानकारीका लागि पठाइएको व्यहोरा समेत जानकारी गराईन्छ ।

भवदीय,

NEPAL WAREHOUSING COMPANY LIMITED

..................
नरेन्द्र प्रसाद भट्ट
कम्पनी सचिव

बोधार्थ:

१. श्री नेपाल धितोपत्र वोर्ड, खुमलटार, ललितपूर ।
२. श्री सि.डि.एस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलिसडक, काठमाण्डौं ।
३. श्री हिमालयन क्यापिटल लिमिटेड, कमलादी मार्ग, कमलपोखरी काठमाण्डौं ।

Scanned with CamScanner

# नेपाल वेयरहाउजिङ्ग कम्पनी लिमिटेड
## सिनामंगल,काठमाण्डौ
## विशेष साधारण सभा बस्ने सम्बन्धी सूचना

मिति २०८१/०६/१५ गते बसेको संचालक समितिको ६४औ बैठकको निर्णय अनुसार यस कम्पनीको विशेष साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि अनुरोध गर्दछौ ।

**सभाहुने मिति, स्थान र समय**

मिति :- २०८१ साल कात्तिक ७ गते बुधवार (२३ अक्टुबर २०२४)
स्थान :- अमृतभोग क्याटरर प्रा.लि., कालिकास्थान, काठमाडौं ।
समय :- अपरान्ह ३:.०० बजे ।

**क) विशेष साधारण सभाको छलफलको प्रस्तावहरु :**

१. कम्पनीको चुक्ता पुंजी वृद्धि गर्ने हेतु हकप्रद शेयर जारी गर्ने सम्बन्धमा ।
२. प्रवन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धमा ।
३. कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको संशोधनको सम्बन्धमा नियमनकारी निकायहरुबाट, संशोधन, परिमार्जन तथा थपघट गर्न कुनै निर्देशन प्राप्त भएमा प्राप्त निर्देशन बमोजिम सो समेत मिलाई संशोधन वा परिमार्जन समेतका सम्पूर्ण कार्यहरु गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदानगर्ने सम्बन्धमा ।

**ख) विविध**

विशेष साधारण सभा सम्बन्धी अन्य जानकारी

१. विशेष साधारण सभाको प्रयोजनका लागि मिति २०८१/०७/०२ गते शुक्रबार १ (एक) दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द (BOOK CLOSE) रहने छ । मिति २०८१ साल कात्तिक १ गते सम्म श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोवार भई प्रचलित कानुन बमोजिम श्री सि.डि.एस एण्ड क्लियरिङ्ग लिमिटेडबाट राफसाफ समेत भएर यस कम्पनीको शेयरधनी दर्ता किताबमा अद्याबधिक भई कायम शेयरधनी महानुभावहरुले विशेष साधारण सभामा भाग लिन सक्नु हुने छ । विशेष साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले शेयर प्रमाणपत्र/हितग्राही (DEMAT) खाता खोलिएको प्रमाण र आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपि अनिवार्य रुपमा साथमा लिई आउनु हुन अनुरोध छ ।
२. शेयरधनी महानुभावहरुको उपस्थितिको लागि शेयरधनी उपस्थिति पुस्तिका अपरान्ह २:०० बजे देखि खुल्ला गरिने छ ।
३. बिशेष साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा प्रतिनिधिपत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगाडि अर्थात् २०८१/०७/०५ गते अपरान्ह ३.०० बजे भित्र कम्पनीको रजिष्टर्ड कार्यालय सिनामंगल, काठमाण्डौमा दर्ता गराई सक्नु पर्नेछ । कम्पनीको शेयरधनीबाहेक अरुलाई प्रोक्सी दिन र एकभन्दा बढी व्यक्तिलाई आफ्नो शेयर विभाजन गरी तथा अन्य कुनै किसिमवाट छुट्याई प्रोक्सी दिन पाइने छैन, यसरी दिइएको प्रोक्सी बदर हुनेछ ।
४. एक जना शेयरधनीले एक भन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा प्रतिनिधि (प्रोक्सी) स्वत: बदर हुनेछ तर, प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्वन्धित शेयरधनीले प्रतिनिधि फेरवदल गर्न चाहेमा यस अघि दिएको प्रतिनिधिपत्र (प्रोक्सी) बदर गरी यो प्रतिनिधि पत्र (प्रोक्सी) लाई मान्यता दिइयोस् भनी छुट्टै पत्र सहित प्रोक्सी फाराम कम्पनीको मुख्य कार्यालयमा सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै दर्ता गराएको अवस्थामा अघिल्लो प्रतिनिधिलाई स्वत: बदर भएको मानी पछिल्लो प्रतिनिधि (प्रोक्सी) लाई मान्यता दिइने छ ।
५. दफा ३ र ४ मा उल्लिखित दिन कुनै सार्वजनिक विदा पर्न गएमा समेत कम्पनीको कार्यालय खुल्ला रहने छ ।
६. प्रतिनिधि नियुक्त गरी सकेको शेयरधनी आफै सभामा उपस्थित भई उपस्थिति पुस्तिकामा दस्तखत गरेमा निजले दिएको प्रतिनिधि (प्रोक्सी) स्वत: बदर हुनेछ ।
७. विशेष साधारण सभा सम्वन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालय सिनामंगल, काठमाडौंमा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ ।

संचालक समितिको आज्ञाले,
कम्पनी सचिव

NEPAL WAREHOUSING COMPANY LIMITED

Scanned with CamScanner

NEPAL WAREHOUSING
COMPANY LTD.

नेपाल वेयरहाउजिङ्ग कम्पनी लिमिटेड को

संचालक समितिको ६४औं बैठकको माइन्यूटको उतार

निर्णय संख्या १. विषेश साधारण सभा बोलाउने सम्वन्धमा।

मिति २०८१।०६।१४ गते (२०२४ सेप्टेम्बर ३०) मा वसेको कम्पनीको ६३ औं वैठकको निर्णय संख्या १ को वमोजिम हकप्रद जारी गर्ने सम्वन्धमा मिति २०८१।०६।१५ (२०२४ अक्टुबर १) गते वसेको कम्पनीको ६४ औं वैठकमा नियमानुसार विषेश साधारण सभा बोलाउने निर्णय निम्न लिखित मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न विषेश साधारण सभा बोलाउने निर्णय गरियो।

सभा हुने मिति, स्थान र समय
मिति - २०८१ साल कातिक ७ गते बुधवार (२३ अक्टुबर २०२४)
स्थान - अमृतभोग क्याटरर प्रा.लि., कालिकास्थान, काठमाडौं ।
समय - अपरान्ह ३.०० बजे ।

क) विशेष साधारण सभाको छलफलको प्रस्तावहरु
१. कम्पनीको चुक्ता पूँजी वृद्धि गर्न हकप्रद शेयर जारी गर्ने सम्बन्धमा ।
२. प्रवन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धमा ।
३. कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको संशोधनको सम्बन्धमा नियमनकारी निकायहरुबाट, संशोधन, परिमार्जन तथा थपघट गर्न कुनै निर्देशन प्राप्त भएमा प्राप्त निर्देशन बमोजिम सो समेत मिलाई संशोधन वा परिमार्जन समेतका सम्पूर्ण कार्यहरु गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदानगर्ने सम्बन्धमा ।
विशेष साधारण सभाको प्रयोजनका लागि मिति २०८१-०७-०२ गते शुक्रबार १ (एक) दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द Book Close रहने छ ।

NEPAL WAREHOUSING COMPANY LIMITED

नरेन्द्र प्रसाद भट्ट
कम्पनी सचिव



Scanned with CamScanner